चामुण्डा विन्द्रासैनी नगरपालिका
जम्बुकाँध, दैलेख
कर्णाली प्रदेश नेपाल

# स्थानीय राजपत्र

चामुण्डा विन्द्रासैनी नगरपालिकाद्धारा प्रकाशित

**खण्ड १ चाविनपा असार ३२ गते २०७५ साल (संख्या २८)**

चामुण्डा विन्द्रासैनी नगरपालिकाको मिति २०७४ साल असार २० गते पारित भएको देहाय बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम सर्वसाधारणहरुको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग-२

## मदिरा नियन्त्रण सम्बन्धि कार्यविधि - २०७५

**प्रस्तावनाः**

समाजमा शान्ति सुव्यवस्था कायम गर्न, समाजमा रहेका विभिन्न किसिमका विकृति, विसंगति र दण्डहिनताको अन्त्य गर्न, हाम्रो जस्तो अल्पविकसित देशमा लागु औषध र विषेश रुपमा मदिराको प्रयोगवाट देशको अमुल्य जनशक्ति युवा पिंढि दुर्व्यसनको चपेटामा पर्न गई राष्ट्लाईनै ठूलो क्षेति हुँदै गई राखेको वर्तमान अवस्थालाई मध्यनजर गर्दै त्यस्तो दुर्घटना हुनवाट जोगाउन मदिरा नियन्त्रण सम्वन्धि आवश्यक कानून निर्माण गरी समुन्नत समाजको स्थापना गर्ने सम्बन्धमा कार्यविधि व्यवस्था गर्न बाञ्छनीय भएकाले, चामुण्डा विन्द्रासैनी नगरकार्यपालिकाले आफ्नो नगरक्षेत्रभित्र मात्र लागु हुने गरी नेपालको संविधानको धारा २२६ बमोजिम यो कार्यविधि बनाई लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१)यस कार्यविधिको नाम मदिरा नियन्त्रण सम्बन्धि कार्यविधि, २०७५ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ ।

२. **परिभाषा** : विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "नगरपालिका" भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिका सम्झनु पर्छ ।

ख)"न्यायिक समिति" भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिकाको न्यायिक समिति सम्झनु पर्छ ।

ग) "प्रशासन कार्यालय" भन्नाले जिल्ला प्रशासन कार्यालय सम्झनु पर्छ ।





घ) "वडा समिति" भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिकाका सबै नौ वटै वडा समितिहरु सम्झनु पर्छ ।

ङ) "नगरसभा" भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिकाको नगरसभा सम्झनु पर्छ ।

च)"मदिरा" भन्नाले अन्न, फलफुल, वा अन्य कुनै स्टार्चयुक्त वस्तुलाई जीव रासायिनिक प्रकृयाद्धारा कुहाई वा अन्य कुनै तरिकावाट तयार पारिएको अल्कोहलयुक्त पदार्थ सम्झनु पर्छ र सो शब्दले रक्सी, जाँड, छ्याङ, व्हिस्की, रम, जीन, ब्रान्डी, भोड्का, वियर, वाईन आदी सम्झनु पर्छ ।

छ) "व्यक्ति" भन्नाले कुनै पनि व्यक्ति,प्रतिस्ठान, संघ आदी सम्झनु पर्छ ।

ज) "सार्वजनिक स्थल" भन्नाले सरकारी निकाय, संस्था वा कार्यालय, शिक्षण संस्था,उधोग, बाल उद्यान क्लव, होटेल, आवास लगायत धार्मिक स्थल जस्ता अन्य विषय सम्झनु पर्छ ।

झ) "उत्पादन" भन्नाले मदिरा तयार गर्नको लागि आवश्यक पदार्थ कुहाउने, तताउने, पकाउने,
वा त्यस्तो पदार्थमा बास्ना वा स्वाद आउने गरी कुनै कुराको समिश्रण गर्ने वा मदिरा तयार
गर्नको लागि अपनाईने सबै वा कुनै विधि वा कार्य सम्झनु पर्छ ।

ञ) "इजाजतपत्र" भन्नाले यस नगर क्षेत्रभित्र कानून बमोजिम र यस नगरकार्यपालिकाले मदिरा उत्पादन, विक्रिवितरण, निकासी वा पैठारी गर्न दिइएको अनुमति पत्र सम्झनु पर्छ ।

ट) "लागु औषध" भन्नाले गाँजा, अफिम, चरेस, भाङ, आदी सम्झनु पर्छ ।

ठ) "जुवा तास" भन्नाले सम्पति हार्ने वा जित्ने उद्धेश्यले तासको माध्यामवाट दुई वा दुई जना भन्दा बढि मानिसको विचमा खेल सम्झनु पर्छ ।

ड) "जनप्रतिनिधि"भन्नाले चामुण्डा विन्द्रासैनी नगरकार्यपालिकाको सदस्य वा नगरसभाको सदस्य सम्झनु पर्छ ।उक्त शब्दले नगरपालिकाको प्रमुख र उपप्रमुख समेतलाई जनाउँछ ।

**३. घरेलु मदिरा उत्पादन, विक्रि वितरणमा र सेवनमा निषेध** : (१)यस नगर पालिका क्षेत्र भित्र कोही कसैले पनि सँस्कृतिजन्य अपवाद वाहेक घरेलु मदिरा उत्पादन गर्ने, विक्रि वितरण गर्ने र सेवन गर्ने काम गर्न वा गराउन पाईने छैन यदी कसैले त्यस्तो कार्य गरेको खण्डमा कानून बमोजिम कडा कार्वाही गरिनेछ ।

४. **खम्विराको विक्रि वितरण मा निषेध** : ब्रेकरी उधोग स्थापना भए देखि बाहेक यस नगरपालिकाको कुनै पनि स्थानमा घरेलु मदिरा उत्पादनमा प्रयोग हुने खम्विरा विक्रि वितरणमा पूर्ण रुपमा बन्देज लगाईएको छ । यदी कोही कसैले सो कार्य गरे गराएको भेटिएमा कानून बमोजिम जफत गरी नगरपालिकाले नष्ट गर्न सक्नेछ ।

५. **सामाग्री जफत तथा कार्वाही गर्न सक्ने** : यस नगरक्षेत्र भित्र कोही कसैले नियम कानूनको उलंघन गरी घरेलु मदिरा उत्पादन गरी विक्रि वितरण गरेको भेटिएमा उत्पादन गर्न प्रयोग गरिएको सामाग्री जफत गर्नुका साथै निम्नानुसार आर्थिक जरिवाना सहित यस नगरपालिकावाट

प्रवाह हुने सम्पूर्ण सेवा सुविधा वन्द गर्ने सम्मको कार्वाही गर्न सक्नेछ ।

क) कार्यविधि लागु भएको मितिले पहिलो पटक भए रु. ३०००।-
ख) कार्यविधि लागु भएको मितिले दोश्रो पटक भए रु. ५०००।-
ग) कार्यविधि लागु भएको मितिले तेश्रो पटक भए रु. १००००।-
घ) कार्यविधि लागु भएको मितिले चौथो पटक भए रु. १५०००।-

**६. जानकारी दिनेलाई गोप्य राख्ने तथा उचित पुरुस्कारको व्यवस्था गर्ने :** यस नगरक्षेत्र भित्र कुनै पनि स्थानमा घरेलु मदिरा उत्पादन तथा विक्रि वितरण भईरहेको छ वा कसैले सेवन गरीरहेको छ भन्ने भरपर्दो जानकारी यस नगरपालिका वा प्रहरी कार्यालयमा दिएमा त्यस्ता व्यक्ति वा समुहलाई उनीहरुको चाहाना अनुसार गोप्य राख्नु पर्ने कुरा गोप्य राखि उचित पुरस्कारको समेत व्यवस्था गरिने छ ।

**७. इजाजत लिनु पर्ने :** यस नगरपालिका क्षेत्रभित्र कोही कसैले पनि नेपाल सरकार बाट इजाजत प्राप्त गरी उत्पादन गरेको मदिरा यस नगरपालिकामा व्यवशाय दर्ता गरी इजाजत पत्र लिएर मात्र निम्नानुसार को मापदण्ड पुरा गरी मात्र विक्रि वितरण गर्न पाईने छ ।

क) यस नगर भित्र आयात हुने मदिरा यस नगरपालिकाको स्वीकृति लिएर मात्र प्रवेश गरेको
हुनु पर्नेछ ।
ख) यस नगरपालिकाको तोकिएको निश्चित क्षेत्र बाट मात्र विक्रि वितरण गर्नु पर्ने छ ।
ग) यस नगरपालिकामा व्यवशाय कर नियमावली-२०७५ अनुसार व्यवशाय दर्ता भएको हनु पर्ने छ ।
घ) मदिरा विक्रि वितरण गर्ने उद्धेश्यले यस नगरमा दर्ता भएको पसल वाट मदिरा बाहेक अन्य कुनै पनि बस्तु विक्री वितरण गर्न पाईने छैन ।
ङ) अठार वर्षको उमेर पूरा नगरेको व्यक्तिलाई मदिरा विक्रि वितरण गर्न पाईने छैन ।
च) मदिरा विक्रि वितरण हुने पसलमा अठार वर्ष उमेर पुरा नगरेको व्यक्तिले विक्रि वितरण गर्न पाईने छैन ।
छ) मदिरा विक्रि वितरण गर्दा वेलुका ६.०० वजे देखि राती १० बजे सम्म मात्र विक्रि वितरण गर्न पाईने छ ।
ज) मदिरा विक्रि वितरण गर्ने इजाजत लिई सँचालनमा रहेका व्यवशायीहरुले नेपाल सरकारको कुनै निकायवाट लिएको र यस नगरपालिकामा दर्ता गरी लिएको इजाजत पत्र सबैले देख्ने देख्ने गरी टाँस्नु पर्ने छ ।
झ) मदिरा विक्रि वितरण गर्दा विद्यालय तथा मन्दिर जस्ता अति सम्वेदशिल क्षेत्र बाट ५०० मिटर टाढा बाट मात्र विक्रि वितरण गर्नु पर्नेछ ।

दफा ७ को (झ) बाहेक उक्त दफामा जुनसुकै कुरा लेखिए पनि यस नगरपालिका क्षेत्रभित्र दर्ता भइ सँचालन भएका होटेल व्यवशायी हरुको हकमा जवाफदेहिताको समेत प्रतिवद्धता जनाई व्यवशाय सँचालन गर्दा उक्त नियमले बाधा पारेको मानिने छैन ।





**८. सार्वजनिक स्थलमा मदिरा सेवन गरी होहल्ला गर्न नहुने :** सार्वजनिक स्थलमा कोही कसैले पनि मदिरा सेवन गरी होहल्ला गर्ने, शान्ति भङ्ग गर्ने र अरुलाई प्रत्यक्ष असर पुग्ने कार्य गर्न पाईने छैन यदी त्यस्तो गरेका भेटिएमा तत्काल नियन्त्रणमा निम्नानुसारको आर्थिक जरिवाना सहित यस नगरपालिकावाट प्रवाह हुने सेवा सुविधा समेत निश्चित अवधिका लागि रोक्का गर्ने सम्मको कार्वाही गर्न सक्ने छ ।

क) कार्य विधि लागु भएको मितिले पहिलो पटक भए रु. १५००।-
ख) कार्य विधि लागु भएको मितिले दोश्रो पटक भए रु. २५००।-
ग) कार्य विधि लागु भएको मितिले तश्रो पटक भए रु. ३५००।-
घ) कार्य विधिव लागु भएको मितिले चौथो पटक भए रु. ५०००।-

**९. स्वीकृती लिनु पर्ने :** यस नगरपालिका क्षेत्रभित्र नेपाल सरकार कर कार्यालयमा दर्ता भएको व्यवशायीले मदिरा जन्य पदार्थ विक्रि वितरण गर्न ल्याउँदा यस नगरपालिकाको स्वीकृती लिएर निम्नानुसारको मापदण्ड पुरा गरी मात्र विक्रि वितरण गर्नु पर्ने छ ।

क) नेपाल सरकारको कर कार्यालयमा दर्ता भएका कर दर्ता प्रमाण पत्र ।
ख) वियर प्रति कार्टुनको रु. ५ तिरेको रसिद ।
ग) अन्य मदिरा प्रति कार्टुनको रु. १० तिरेको रसिद ।

**१०. इजाजत पत्र रद्ध गर्न सकिने :** यस नगरपालिकामा मदिरा जन्य पदार्थ विक्रि वितरण गर्ने उद्धेश्यले यस नगरपालिकाको व्यवशाय कर नियमावली अनुसार दर्ता भएका व्यवशायीरुको इजाजत पत्र यस कार्यविधि अन्तर्गत देहायका अवस्थामा रद्ध गर्न सकिनेछ ।
क) इजाजत पत्र नविकरण नगरेमा,
ख) इजाजत पत्रमा तोकिएको शर्त उलंघन गरेमा ।
ग) यस कार्यविधि अन्तर्गत गरिएक व्यवस्थाको चार पटक सम्म लगातार उलंघन गरेमा ।

**११. खानतलासी वा कब्जा गर्न सक्ने :** कुनै स्थानमा कानून बमोजिम सजाय हुने कसुर भएको छ भन्ने मनासिव माफिकको कारण भएको भर पर्दो सुचना प्राप्त भएको खण्डमा प्रचलित कानूनको अधिनमा रही आवश्यक कानूनी प्रकृया पुर्‍याई त्यस्तो स्थानको खानतलासी तथा अबैध सामाग्री कब्जा गर्न सकिने छ ।

**१२. यसै कार्यविधि अनुसार गर्न सकिने :** लागु औषध ऐन, २०३३ , जुवा ऐन, २०२०, सूर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८, आवश्यक पदार्थ नियन्त्रण(अधिकार) ऐन, २०१७ ले नगर्नु नगराउनु भनी अपराध हुने सबै किसिमका क्रियाकलाप यस नगरपालिका क्षेत्र भित्र यसै कार्यविधि अन्तर्गत कानूनको अधिनमा रही नियन्त्रण र नियमन गर्न सकिने छ ।

**१३. समिति गठन गर्न सक्ने :** यस नगर क्षेत्रभित्र गस्तीको लागि, छापा मार्दा कनै स्थानको खानतलासी गर्नुपर्ने अवस्था सृजना हुन गएका बखत जिल्ला प्रशासन कार्यालय तथा सम्वन्धित कार्यालय सँग समन्वय गर्न त्यस सम्वन्धि आवश्यक कानूनी प्रकृया पुरा गरी कार्य सञ्चालन गर्न नगरपालिकाको उपप्रमुखको संयोजकत्वमा नगरकार्यपालिकाले सिफारिस गरेका देहाय बमोजिम का सदस्य रहने गरी एक मदिरा नियन्त्रण सम्वन्धि समिति गठन गर्न सकिने छ ।

क) वडा अध्यक्षहरु मध्यवाट चार जना, - सदस्य

ख) प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको एक जना, सदस्य -सदस्य

ग) नगर उद्योग वाणिज्य संघको अध्यक्ष वा नीजले तोकेको प्रतिनिधि, -सदस्य

घ) जिल्ला प्रशासन वा इलाका प्रशासन कार्यालयको प्रतिनिधि -सदस्य

ङ) नगरपालिका भित्र रहेको प्रहरी चौकीको इन्चार्ज -सदस्य

**१४. पुनरावेदन :** यस कार्यविधि उपर भए गरेको कुनै कुरा उपर चित्त नबुझ्ने पक्षले सो निर्णय भएको ३५ दिन भित्र न्यायिक समितिमा पुनरावेदन गर्न सक्ने छ।

**१५. स्वतः खारेज हुने :-** यो कार्यविधि वा कुनै दफा उपदफा संघिय कानून वा प्रदेश कानून सँग बाझिएको खण्डमा स्वतः खारेज हुनेछ।

आज्ञाले
बाबुराम नेपाली
निमित्त प्रमुख प्रशासकीय अधिकृत